बाँफिकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३

बैठक सङ्ख्याः८

मितिः २०८३ बैशाख ३१ गते

समयः अपराह्न १:०० बजे।

स्थानः गाउँकार्यपालिकाको सभाहल बाँफिकोट रुकुम पश्चिम।

आज मिति२०८३।१।३१ गतेका दिन बाँफिकोट गाउँपालिकाका अध्यक्ष श्री जनक कुमार बाँठा मगर ज्यू को अध्यक्षतामा गाउँकार्यपालिकाको वैठक बसी तपसिलको उपस्थितिमा देहायअनुसार निर्णय गरियो।

**उपस्थिति**

| सि न | नाम,थर, पद | मोवाइल नं | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जनक कुमार बाँठामगर अध्यक्ष | 9844941181 | |
| २ | श्री तारा बुढा के.सी.उपाध्यक्ष | 9848155267 | |
| ३ | श्री धन बहादुर खड्का वडा अध्यक्ष वडा नं १ | 9868900722 | |
| ४ | श्री प्रकाश खत्री वडा अध्यक्ष वडा नं २ | 9851097851 | |
| ५ | श्री तिल विर के सी वडा अध्यक्ष वडा नं ३ | 9869982608 | |
| ६ | श्री शेर बहादुर वली वडा अध्यक्ष वडा नं ४ | 9809509484 | |
| ७ | श्री मनु शाही वडा अध्यक्ष वडा नं ५ | 9844949199 | |
| ८ | श्री मनोज कुमार अधिकारी वडा अध्यक्ष वडा नं ६ | 9863198647 | |
| ९ | श्री नर बहादुर खत्री वडा अध्यक्ष वडा नं ७ | 9846306177 | |
| १० | श्री धन बहादुर के सी वडा अध्यक्ष वडा नं ८ | 9843762769 | |
| ११ | श्री जोग बहादुर चन्द वडा अध्यक्ष वडा नं ९ | 9844990067 | |
| १२ | श्री हरि बहादुर चन्द वडा अध्यक्ष वडा नं १० | 9851185582 | |
| १३ | श्री कमला के सी मल्ल कार्यपालिका सदस्य | 9843288557 | |
| १४ | श्री मनबहादुर बादी कार्यापालिका सदस्य | 9746405397 | |
| १५ | श्री ज्योतिका नेपाली कार्यापालिका सदस्य | 98411035[illegible]79 | |
| १६ | श्री शेरु विश्वकर्मा कार्यापालिका सदस्य | 9766218811 | |
| १७ | श्री पविता सुनार कार्यापालिका सदस्य | 9748707502 | |
| १८ | श्री रीता जैसी कार्यपालिका सदस्य | 9806219060 | |
| १९ | श्री विकास विक्रम शाह, प्रमुख प्रशासकीय अधिकृत | 9857888729 | |
| २० | श्री तेज बहादुर डाँगी, बरिष्ठ लेखा अधिकृत | | |
| २१ | श्री जितेन्द्र प्रसाद यादव, ईन्जिनियर | | |
| २२ | श्री लाल बहादुर वली, जनस्वास्थ्य निरीक्षक | | |
| २३ | श्री. चिरञ्जिबी रेग्मी प्र. शिक्षा अधिकृत | | |

प्रमाणित

विकास विक्रम शाह
प्रमुख प्रशासकीय अधिकृत

बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

**प्रस्तावहरु**

- सार्वजनिक सेवा प्रवाह समीक्षा सम्बन्धमा,
- बाँफिकोट गाउँपालिका वडा नं २ को शहिद भवन कार्यसम्पन्न र भ्यारिएसन सम्बन्धमा,
- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश सरकारको लागि कर्णाली मुख्यमन्त्री रोजगार कार्यक्रमका योजना माग सम्बन्धमा,
- रुकुम (पश्चिम) जिल्ला बाँफिकोट गापा वडा नं २ को स्वारा भाटी भैसीमेला सडक स्तरोन्नति कार्य शीर्षकको योजना कार्यान्वयन सम्बन्धमा,
- शिक्षा योजना सम्बन्धमा,
- सार्वजनिक सुनुवाई सम्बन्धमा,
- बाँफिकोट गाउँपालिकाको ठेक्का मार्फत रुघ्न आयोजना समीक्षा सम्बन्धमा,
- घ वर्गको ईजाजत पत्र प्रदान गर्ने सम्बन्धमा,
- सामाजिक सुरक्षा कोषमा बाँफिकोट गाउँपालिकाकाको कर्मचारी आबद्दता सम्बन्धमा,
- राहत रकम उपलब्ध गराउने सम्बन्धमा,
- वीरेन्द्र मावि विद्यालय व्यवस्थापन समिति सम्बन्धमा।
- विविध।

प्रमाणित

२०८२/०१/२१

विकास विक्रम शाह
प्रमुख प्रशासकीय अधिकृत

बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

**निर्णयहरु:**

निर्णय नं १

बाँफिकोट गाउँपालिकाबाट भईरहेको सेवा प्रवाह, राजस्वको अवस्थाको समीक्षा गरी थप सेवा प्रवाहलाई छिटो, छरितो, चुस्त र नागरिकमैत्री बनाउने निर्णय गरियो।

निर्णय नं २:

बाँफिकोट गाउँपालिका वडा नं २ मा BRM-NCB-WORK-04-2081/82, Mailgairi Sahid Smirti Bhawan at Banphikot Rural Municipality Ward No. 2 को ठेक्का मार्फत निर्माणाधीण भवनको प्राविधिक मूल्याङ्कनमा ९.७४% भौतिक प्रगति बाँकी रहेको कारण भ्यारिएसन गर्नुपर्ने हुँदा प्राविधिक शाखाबाट पेश भएको भ्यारिएसन आदेश स्वीकृति गर्ने निर्णय गरियो।

निर्णय नं ३:

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वीरेन्द्रनगर सुर्खेतको मिति २०८३।०१।२२ गतेको पत्र प्राप्त भएको हुँदा बाँफिकोट गाउँपालिकामा आ.व. २०८३/८४ मा सञ्चालनका लागि तपशिलका मुख्यमन्त्री रोजगार कार्यक्रमका आयोजनाहरु सिफारिस गरी कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष सिफारिस गर्ने निर्णय गरियो।

प्रमाणित

विकास विक्रम शाह
प्रमुख प्रशासकीय अधिकृत

तपसिलः

| क्र.स. | आयोजनाको नाम | वडा नं. | प्रस्तावित रकम | विषय क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १. | द्वारे दारिम पाटा सिंचाई नहर निर्माण | १ | १५००००० | सिंचाई | |
| २. | ठुलोखोला भलाचौर सिंचाई नहर निर्माण | २ | १५००००० | सिंचाई | |
| ३. | छिप्राखोला झिम्रु सिंचाई नहर निर्माण योजना | ३ | १५००००० | सिंचाई | |
| ४. | जुगाने कोदारि पाखा बडाखेत सिंचाई कुलो निर्माण | ४ | १५००००० | सिंचाई | |
| ५. | तातोपानी ढार सिंचाई नहर निर्माण | ५ | १५००००० | सिंचाई | |
| ६. | वडा कार्यालय देखि मग्मा तलिगाउँ कुरीपानी सम्म सिंचाई नहर निर्माण | ६ | १५००००० | सिंचाई | |
| ७. | दहखोला सुँवाखोला सिंचाई नहर मर्मत तथा रिजर्भ ट्याङ्की निर्माण | ७ | १५००००० | सिंचाई | |
| ८. | सिस्नेखोला तलिगाउँ खानेपानी योजना | ८ | १५००००० | खानेपानी | |
| ९. | भेराखेत सिमारा डाव सिंचाई निर्माण | ९ | १५००००० | सिचाई | |
| १०. | सिस्नेरी काठेबगरी कुन्साले खानेपानी मर्मत तथा निर्माण | १० | १५००००० | खानेपानी | |

निर्णय नं ४:

रुकुम (पश्चिम) जिल्ला बाँफिकोट गापा वडा नं २ को स्वारा भाटी भैसीमेला सडक स्तरोन्नति कार्य शीर्षकबाट स्तरोन्नतिको लागि स्वारालाई शुन्य विन्दु मानी संरचना निर्माण गर्ने र गौरिटो बाटोबाट मोटरेबल सडकमा स्तरोन्नतिको लागि भाटि तर्फ सडक निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं ५:

बाँफिकोट गाउँपालिकाको लागि शिक्षा योजना निर्माणको लागि शिक्षा समितिबाट भएको निर्णयलाई अनुमोदन गरी सो बमोजिम शिक्षा योजनाको मस्यौदा निर्माण गरि स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ६:

बाँफिकोट गाउँपालिका स्तरीय सार्वजनिक सुनुवाई जेष्ठ १४ गते बाँफिकोट गाउँपालिकाको शहिद भवनको सभाहलमा आह्वान गर्ने निर्णय गरियो ।

निर्णय नं ७:

बाँफिकोट गाउँपालिकाको ठेक्का मार्फत रुग्न आयोजना जानकारीका साथ् समीक्षा गरी निर्माण सम्पन्न गर्न सबैले सहकार्य र समन्वय गर्ने निर्णय गरियो ।

विकास विक्रम शाह
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं ८:

श्री स्यार्पु मल्टि बिल्डर्स ईन्जिनियरिङ्ग कन्सल्यान्सी, कम्पनी दर्ता नः ३७७२१७/८२/८३ लाई घ वर्गको ईजाजत पत्र उपलब्ध गराउने सम्बन्धमा बाँफिकोट गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ बमोजिम ईजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं ९:

सामाजिक सुरक्षा कोषमा बाँफिकोट गाउँपालिकाकाको कर्मचारी आबद्दता सम्बन्धमा छलफल गरियो ।

निर्णय नं १०:

राहत रकम उपलब्ध गराउने सम्बन्धमा स्पष्ट मापदण्ड निर्धारण गर्न गाउँपालिकाको निर्मित कार्यविधि सार्वजनिक गराउने निर्णय गरियो ।

निर्णय नं ११:

बाँफिकोट गाउँपालिका वडा नं ९ स्थित भेराखेत र बाँफिकोट गाउँपालिका वडा नं ४ को छिन्खेतमा आवत जावत गर्न अति कठिनाई भएको हुँदा झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तरगत सङ्घीय सरकारको शहरी विकास मन्त्रालय अन्तरगत डोली पुल्चोक ललितपुर र भौतिक पूर्वाधार विकास कार्यालय वीरेन्द्रनगर सुर्खेतमा **भेराखेत छिन्खेत झोलुङ्गे पुल निर्माण आयोजना** माग गर्ने निर्णय गरियो ।

प्रमाणित

विकास विक्रम शाह
प्रमुख प्रशासकीय अधिकृत

बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३